आकाशवाणी

मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले आज देशभित्रका साथै विदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरूलाई दिनुभयो नववर्षको शुभकामना..
- प्रधानमन्त्री नरेन्द्र मोदीले अयोध्यामा मनाइँदै गरेको रामललाको प्राण प्रतिष्ठाको अवसरलाई बताउनुभयो आस्था र परम्पराको एक दिव्य उत्सव..
- केन्द्रीय मन्त्रिपरिषद्ले आज दुई महत्वपूर्ण राजमार्ग परियोजनाहरूलाई दियो स्वीकृति
- रक्षा अनुसन्धान तथा विकास संगठनले प्रलय मिसाइलको प्रक्षेपण सम्पन्न गरेकोमा रक्षामन्त्री राजनाथ सिंहले दिनुभयो बधाई अनि
- विकसित भारत २०४७ तर्फको राष्ट्रिय यात्रामा ऐतिहासिक सुधारहरूको शृङ्खला अघि सारेको राज्यमन्त्री डा. एल. मुरुगनको भनाई

राष्ट्रपति द्रौपदी मुर्मु

राष्ट्रपति द्रौपदी मुर्मुले आज नववर्ष २०२६ को अवसरमा देशभित्रका साथै विदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा राष्ट्रपतिले भन्नुभयो नववर्षले नयाँ ऊर्जाको प्रतीकका रूपमा सकारात्मक परिवर्तन ल्याउने अवसर प्रदान गर्दछ र यो आत्म–मूल्यांकन गर्ने अनि नयाँ संकल्पहरू लिने उपयुक्त समय पनि हो। राष्ट्रपति मुर्मुले सबैलाई राष्ट्रको विकास, सामाजिक सद्भाव र वातावरण संरक्षणप्रति आफ्नो प्रतिबद्धता अझ सुदृढ गर्न आह्वान गर्नुभयो। उहाँले वर्ष २०२६ ले सबैका जीवनमा शान्ति, सुख र समृद्धि ल्याउने र एक सबल र समृद्ध भारत निर्माण गर्न नयाँ ऊर्जा प्रदान गर्ने आशा पनि व्यक्त गर्नुभयो।

प्रधानमन्त्रीअयोध्या

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको अयोध्यामा मनाइँदै गरिएको रामललाको प्राण प्रतिष्ठाको अवसरमा देशवासीहरूलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा गरिएको सन्देशमार्फत प्रधानमन्त्री मोदीले यस अवसरलाई आस्था र परम्पराको एक दिव्य उत्सवका रूपमा उल्लेख गर्नुभएको छ। प्रधानमन्त्रीले देश र विदेशमा रहेका सम्पूर्ण रामभक्तहरूको तर्फबाट भगवान् श्रीरामलाई नमन गर्नुभएको थियो। विभिन्न धार्मिक कार्यक्रमहरू सहित आयोजित प्रतिष्ठा द्वादशीका अवसरमा पूजा, यज्ञ र हवनजस्ता परम्परागत विधिहरू सम्पन्न भए। यस ऐतिहासिक क्षणको साक्षी बन्न रक्षा मन्त्री राजनाथ सिंह, मुख्यमन्त्री योगी आदित्यनाथ, सन्त, धर्माचार्य तथा असंख्य भक्तजनहरूको उपस्थितिले अयोध्या धन्य बनेको छ। रक्षा मन्त्री राजनाथ सिंहले आज पैर्कोटास्थित अन्नपूर्णा मन्दिरको शिखरमा ध्वजावन्दन पनि गर्नुभयो। अयोध्याका करिब १२ सय सन्तहरू र रामभक्तहरूलाई यस विशेष अवसरमा निमन्त्रणा गरिएको जनाइएको छ। यसअघि, रक्षा मन्त्री राजनाथ सिंह र मुख्यमन्त्री योगी आदित्यनाथले हनुमानगढी मन्दिरमा दर्शन र पूजा गरेर अयोध्या प्रवेश गर्नुभएको थियो।"

"केन्द्रीय मन्त्रिपरिषद्

"केन्द्रीय मन्त्रिपरिषद्ले आज नासिक–सोलापुर सिक्स लेन करिडोर र ओडिशाको राष्ट्रिय राजमार्ग–३२६ को चौडाइ विस्तार परियोजना गरी दुई महत्वपूर्ण राजमार्ग परियोजनाहरूलाई स्वीकृति दिएको छ। आर्थिक मामिलासम्बन्धी मन्त्रीमण्डल समितिले महाराष्ट्र राज्यमा हरित क्षेत्रमार्ग अन्तर्गत छ लेनको एक्सेस कन्ट्रोल नासिक-सोलापुर-अक्कलकोट करिडोर निर्माणको स्वीकृति दिएको हो। ३७४ किलोमिटर लम्बाइको यो राजमार्ग १९ हजार १४२ करोड रुपैयाँको कुल लागतमा निर्माण हुनेछ। नयाँ दिल्लीमा सञ्चार

तथा सूचना प्रविधि मन्त्री अश्विनी वैषणवले मिडियालाई जानकारी दिँदै भन्नुभयो, यो परियोजनाले नासिक, अहिल्यानगर, सोलापुर हुँदै कुर्नूलसम्मका क्षेत्रहरूलाई जोड्नेछ र पीएम गति शक्ती राष्ट्रिय मास्टर प्लानअन्तर्गत एकीकृत यातायात संरचना विकासतर्फको महत्वपूर्ण कदम हुनेछ। छ लेनको एक्सेस कन्ट्रोल हरित मार्ग 'क्लोज टोलिङ' प्रणाली सहित डिजाइन गरिनेछ, जसमा प्रति घण्टा ६० किलोमिटरको औसत र १०० किलोमिटरको गति हुनेछ । यस परियोजनाबाट करिब २ करोड ५१ लाख प्रत्यक्ष रोजगार तथा ३ करोड १३ लाख अप्रत्यक्ष रोजगारका अवसर सिर्जना हुने अनुमान गरिएको छ। यस क्रममा सरकारले ओडिशा राज्यको राष्ट्रिय राजमार्ग–३२६ विस्तार र सुदृढीकरण परियोजनालाई समेत स्वीकृति प्रदान गरेको छ। जसको कुल अनुमानित लागत १ हजार ५२६ करोड रुपैयाँ रहनेछ। मन्त्री वैषणवका अनुसार यस परियोजनाले दक्षिण ओडिशाको यात्रा प्रणालीलाई छिटो, सुरक्षित र भरपर्दो बनाउनेछ।

समाचार आकाशवाणी बाट सुन्दैहुनुहुन्छ

रक्षा अनुसन्धान तथा विकास संगठन

" रक्षा अनुसन्धान तथा विकास संगठन डी.आर.डी.ओ.ले ओडिशा तटमा दुई प्रलय मिसाइलको सल्वो प्रक्षेपण सफलतापूर्वक सम्पन्न गरेको छ । दुवै मिसाइलहरू एउटै लञ्चरबाट छोटो अन्तरालमा प्रक्षेपण गरिएको हो । यो उडान परीक्षण प्रयोगकर्ता मूल्याङ्कन परीक्षणको एक हिस्सा स्वरूप सम्पन्न गरिएको थियो। रक्षा मन्त्रालयका अनुसार दुवै मिसाइलहरू निर्धारित मार्गमै उड्दै सबै उडान र उद्देश्यहरू सफलतापूर्वक पूरा गरे । स्वदेशमै विकास गरिएको 'प्रलय' ठोस इन्धनयुक्त अर्ध-ब्यालिस्टिक क्षेप्यास्त्र हो, जसमा अत्याधुनिक निर्देशन र नेभिगेसन प्रणाली प्रयोग गरिएको छ। परीक्षण स्थलमा डीआरडीओका वरिष्ठ वैज्ञानिक, भारतीय वायुसेना तथा थलसेनाका प्रतिनिधि, साथै उत्पादन साझेदारहरूका उद्योग प्रतिनिधिहरूको उपस्थिति थियो । रक्षा मन्त्री राजनाथ सिंहले छोटो अन्तरालमा प्रलय मिसाइलको सफल प्रक्षेपणमा डीआरडीओ, भारतीय वायुसेना, भारतीय थलसेना, रक्षा सार्वजनिक उपक्रमहरू र उद्योग जगत् सबैलाई बधाई दिनुभएको छ। उहाँले प्रलय मिसाइलको सल्वो प्रक्षेपणको सफल सम्पन्नताले यस मिसाइल प्रणालीको विश्वसनीयता सिद्ध भएको बताउनुभयो।"

वन्दे भारत स्लीपर ट्रेनको उच्चगतिशील परीक्षण सफल

भारतीय रेल्वेले स्वदेशमै डिजाइन र निर्माण गरिएको वन्दे भारत स्लीपर रेलसेवाको अन्तिम उच्च गति परीक्षण सफलतापूर्वक सम्पन्न गरेको छ । यो परीक्षण कोटा–नागदा रेल मार्गमा गरिएको थियो। रेलगाडीको अधिकतम गति प्रति घण्टा १८० किलोमिटर रहेको जनाइएको छ। यो उपलब्धि भारतको आत्मनिर्भर र प्रविधि–समृद्ध रेल प्रणालीतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। रेल मन्त्री अश्विनी वैष्णवले सामाजिक सञ्जालमार्फत पानीले भरिएको गिलासको स्थिरता प्रदर्शन गर्ने भिडियो साझा गर्दै रेलको उत्कृष्ट सस्पेन्सन, सन्तुलन र प्रविधिक मजबूतीको प्रमाण प्रस्तुत गर्नुभयो । उच्च गति परीक्षणको सफल सम्पन्नतासँगै वन्दे भारत स्लीपर सेवाको सुरुवातको मार्ग खुला भएको बताइएको छ । यो सफलता नवाचार, सुरक्षा र स्वदेशी निर्माण प्रवर्द्धनमा भारतीय रेल्वेको प्रतिबद्धताको प्रतीकका रूपमा प्रशंसा गरिएको छ।

डा. एस. जयशंकरद् -अन्तिम श्रद्धाञ्जली

भारतका परराष्ट्र मन्त्री एस. जयशंकर आज बङ्गलादेशकी पूर्व प्रधानमन्त्री तथा बङ्गलादेश नेसनलिस्ट पार्टी (BNP) की अध्यक्ष दिवङ्गत बेगम खालेदा जियाको अन्त्येष्टि समारोहमा सहभागी हुन ढाका पुग्नुभयो । बेगम खालेदा जियाको अन्त्येष्टि कार्यक्रम ढाकास्थित मनिक मिया एविन्युमा सम्पन्न भयो । यस समारोहमा विभिन्न देशका उच्च पदस्थ सरकारी प्रतिनिधिहरू, राजनीतिक

नेताहरू र विदेशी अतिथिहरूले सहभागिता जनाएका थिए। अन्त्येष्टि स्थल वरपर सुरक्षालाई कडा पारिएको छ। मन्त्री जयशंकरले यसअघि बङ्गलादेशको जातिय संसद भवनमा BNP का कार्यवाहक अध्यक्ष तारिक रहमानलाई भारत सरकारको तर्फबाट आधिकारिक शोक सन्देश हस्तान्तरण गर्नुभएको थियो । सो अवसरमा वरिष्ठ BNP नेतागण र तारिक रहमानकी छोरी जाइमा रहमानसहित परिवारका सदस्यहरू उपस्थित थिए।

सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगन

सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले आज यस वर्ष सरकारले विकसित भारत २०४७ तर्फको राष्ट्रिय यात्रामा महत्वपूर्ण अध्यायहरू कोर्ने ऐतिहासिक सुधारहरूको शृङ्खला अघि सारेको बताउनुभयो । नयाँ दिल्लीमा भारत सरकारको क्यालेन्डर भारत @2026 सार्वजनिक गर्दै उहाँले भन्नुभयो यी सुधारहरू समावेशी विकास सुनिश्चित गर्ने, आर्थिक सहनशीलता मजबुत पार्ने र देशको दीर्घकालीन विकासका लागि दिगो आधार तयार गर्ने स्पष्ट उद्देश्यका साथ सञ्चालन गरिएका हुन्।

यस अवसरमा सूचना तथा प्रसारण सचिव सञ्जय जाजुले भन्नुभयो उक्त क्यालेन्डरको डिजाइन अत्यन्त सोच- बिचारका साथ तयार गरिएको हो , यसले सरकारका प्राथमिकताहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेको छ र समयानुसार निरन्तर विकसित हुँदै गएको छ। यसैगरी मन्त्री मुरुगनले तमिलनाडुमा कानुन र व्यवस्था सम्बन्धी स्थितिबारे गम्भीर प्रश्न उठाउनु भएको छ । उहाँले डिएमके शासनकालमा नागरिकहरू सुरक्षित नभएको आरोप लगाउनुभयो। ओडिशाका एक नागरिकमाथि चार नाबालिगद्वारा गरिएको कथित आक्रमणको प्रसङ्ग उठाउँदै डा. मुरुगनले महिलाहरू, प्रवासी श्रमिकहरू, तीर्थयात्री र यात्रीहरूको सुरक्षामा गम्भीर चुनौती देखिएको बताउनुभयो।

मनरेगा श्रमिकहरूको रोजगारी पूर्ण रूपमा सुरक्षित : मन्त्री चौहान

ग्रामीण विकास मन्त्री शिवराजसिंह चौहानले आज मनरेगा (MGNREGA) अन्तर्गत कार्यरत श्रमिकहरूको रोजगार अब नवप्रवर्तित "विकसित भारत–रोजगार तथा आजीविका ग्यारेन्टी (ग्रामीण) ऐन, २०२५" अन्तर्गत पूर्ण रूपमा सुरक्षित गरिएको छ बताउनुभयो । उहाँले देशभरका मनरेगा कर्मचारीहरूसँग भिडियो कन्फरेन्समार्फत आयोजित राष्ट्रिय अन्तरक्रियामा सो कुरा बताउनुभयो। अन्तरक्रियामा सहभागी कर्मचारीहरूले नयाँ ऐनको स्वागत गर्दै उत्साह व्यक्त गरेका थिए।

मुख्य समाचार फेरि एकपल्ट

राष्ट्रपति द्रौपदी मुर्मुले आज देशभित्रका साथै विदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरूलाई दिनुभयो नववर्षको शुभकामना..

प्रधानमन्त्री नरेन्द्र मोदीले अयोध्यामा मनाइँदै गरेको रामललाको प्राण प्रतिष्ठाको अवसरलाई बताउनुभयो आस्था र परम्पराको एक दिव्य उत्सव..

केन्द्रीय मन्त्रिपरिषद्ले आज दुई महत्वपूर्ण राजमार्ग परियोजनाहरूलाई दियो स्वीकृति र ...

रक्षा अनुसन्धान तथा विकास संगठनले प्रलय मिसाइलको प्रक्षेपण सम्पन्न गरेकोमा रक्षामन्त्री राजनाथ सिंहले दिनुभयो बधाई अनि

विकसित भारत २०४७ तर्फको राष्ट्रिय यात्रामा ऐतिहासिक सुधारहरूको शृङ्खला अघि सारेको राज्यमन्त्री डा. एल. मुरुगनको भनाई..

आकाशवाणीबाट समाचार पूरा भयो। closing…

शेयर बजार ( additional)

भारतीय सेन्सेक्स र निफ्टीले वर्ष २०२५ को अन्तिम कारोबार सत्र उत्साहजनक रूपमा सम्पन्न गरेका छन्। नयाँ वर्षको उमङ्गले बजारमा सकारात्मक प्रभाव पार्दै सूचकाङ्कहरू उच्च बिन्दुमा बन्द भए। सेन्सेक्स ५४६ अङ्कले अर्थात् ०.६४ प्रतिशत बढ्दै ८५ हजार २२१ मा बन्द भयो। निफ्टी पनि १९१ अङ्क अर्थात् ०.७४ प्रतिशत बढ्दै २६ हजार १३० मा बंद भएको छ।